## संस्थाद्वारा विगतमा सञ्चालीत मुख्य-मुख्य कार्यक्रमहरू:

| क्र.सं. | कार्यक्रमको नाम | स्थान |
|---|---|---|
| १. | सिवाईसी खेल मैदान (हाल तित्याङ रङ्गशालाको रुपमा विकसित) | साविक तित्याङ-७, हाल वा.न.पा.-९, आहालेखर्क । |
| २. | लघु ऋण परियोजना | साविक विहुँ गा.वि.स. हालको काठेखोला गा.पा.५ र ६ वडा । (लघुवित्त कार्यक्रमको विकसित रुप) । |
| ३. | दलित समुदाय विकास कार्यक्रम | वागलुङ जिल्लाभर । |
| ४. | प्रौढ शिक्षा तथा बाल साक्षरता | वागलुङ जिल्लाभर । |
| ५. | खानेपानी तथा सरसफाई कार्यक्रम | वोवाङ अधिकारीचौर, राजकुत, दगातुन्डाँडा, तित्याङ र रायडाँडा । |
| ६. | पर्यटकी घोडेटोबाटो निर्माण | वागलुङको चिप्लेटीबाट भकुण्डेको मुलाबारी सम्म ७ कि.मि. । |
| ७. | ग्रामिण पूर्वाधार विकास कार्यक्रम (१०९ कि.मि.) | वागलुङ बजारदेखि घोडाबाँधे हुँदै ढोरपाटन पुग्ने ९० कि.मि. लोकमार्ग र वागलुङ बजारदेखि कुश्मिसेरा जोड्ने १९ कि.मि. मोटरबाटो निर्माण, सामाजिक परिचालन, वायो ईञ्जिनियरिङ । |
| ८. | नमुना गाउँ विकास कार्यक्रम | वागलुङ नगरपालिका |
| ९. | सीप विकास कार्यक्रम | वागलुङ न.पा., गल्कोट न.पा., जैमिनी न.पा. र काठेखोला गा.पा. (कारपेन्टर, प्लम्विङ्ग, व्युटी पार्लर, सिलाई कटाई, रेडियो टेलिभिजन मर्मत, हाउस वायरिङ । |
| १०. | सामुदायिक वन व्यवस्थापन कार्यक्रम | वागलुङ, बडिगाड र जैमिनी न.पा. |
| ११. | उज्यालो भविष्य कार्यक्रम | वागलुङ जिल्लाभर |
| १२. | नमुना शौचालय निर्माण तथा सचेतना कार्यक्रम | वागलुङ न.पा., गल्कोट न.पा., जैमिनी न.पा. र काठेखोला गा.पा., वडिगाड गा.पा., ढोरपाटन न.पा. र निशीखोला गा.पा. । |
| १३. | पोषण पुनर्स्थापना गृह निर्माण | धौलागिरी अञ्चल अस्पतालको हाताभित्र पोषण पुनर्स्थापना गृह निर्माण । |
| १४. | गाउँ संस्था विकास कार्यक्रम | वागलुङ न.पा. |
| १५. | दिगो भू-व्यवस्थापन कार्यक्रम | वागलुङ जिल्लाभर |
| १६. | सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य कार्यक्रम | वागलुङ जिल्लाभर |
| १७. | लघुवित्त कार्यक्रम | देशका ७७ जिल्लामा |
| १८. | स्थानीय शासन तथा सामाजिक विकास कार्यक्रम | वागलुङ जिल्लाभर |
| १९. | किसान-किसान कृषि प्रसार कार्यक्रम | वागलुङ जिल्लाभर |

## संस्थामा हाल सञ्चालनमा रहेका कार्यक्रमहरू:

१. गुणस्तरीय शिक्षा कार्यक्रम
२. युवा आकाश तथा सुमार्ग कार्यक्रम
४. वातावरण मैत्री नमूना गाउँ विकास कार्यक्रम
४. श्री जिरो क्लव गठन तथा प्रवद्धन कार्यक्रम
५. उद्यमशीलता विकास कार्यक्रम
६. स्वास्थ्य तथा सरसफाई कार्यक्रम
७. प्रजनन् स्वास्थ्य, महिला स्वयंसेवीका क्षमता विकास तथा संजालीकरण कार्यक्रम
८. दलित समुदाय विकास कार्यक्रम
९. समय तथा श्रमदान व्यवस्थापन कार्यक्रम
१०. समुदायमा सिवाईसी कार्यक्रम
११. महिला सशक्तिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम
१२. मातापितासँग सिवाईसी कार्यक्रम
१३. सहकारी संघ–संस्था प्रवर्द्धन कार्यक्रम
१४. पदमार्ग निमार्ण कार्यक्रम

## सामाजिक व्यवसाय अनर्तगत लंकावी घोषणा

१३ औं सामाजिक व्यवसाय दिवस (13th Social Bussiness Days) को अवसरमा मलेसियाको लंकवाईमा बसेको चारतारे युवा क्लव (सिवाईसी) नेपालको कार्य समितिको ३९० औं बैठकले गरिबी न्यूनीकरण र रोजगारी सिर्जनाको लागि दुई वर्षीय सात बुँदे लंकावी घोषणा जारी गरी कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरियो ।

१. बागलुङ जिल्लाका १० वटा स्थानीय तहका विभिन्न बस्तीहरूमा २५ वटा वातावरणमैत्री गाउँ (Eco-Village) बनाउने ।
२. बागलुङ जिल्लाका १० वटा स्थानीय तहहरूका २५ वटा कलेज र माध्यामिक विद्यालयहरूमा 3Zero क्लव गठन गरी विकास साझेदार र परिवर्तन संवाहकको रुपमा अगाडि बढ्ने ।
३. बैदेशिक रोजगारीबाट फर्की आएका र गाउँमा हालसम्म बेरोजगार रहेका संस्थाका सदस्य वा घर परिवारका २०० युवाहरूलाई उद्यमी बनाउने ।
४. कृषि उपज उत्पादन, प्रशोधन र बजारीकरणका लागि सिवाईसी नेपालका सदस्य, कार्यसमिति, सञ्चालक र कर्मचारी सहितको संलग्नतामा एक कृषि विकास कम्पनी स्थापना गर्ने ।
५. समाजमा सकरात्मक सोच र व्यक्तिगत क्षमता अभिवृद्धिका लागि तालिममार्फत दुई हजार व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्दै ५० वटा सकरात्मक सोच समूह गठन र परिचालन गर्ने ।
६. महिला स्वास्थ्य स्वयंसेवीकाहरूको क्षमता अभिवृद्धि गरी सञ्जालीकरणको संयन्त्र तयार गर्ने ।
७. सबै तहका सरकार, विकास साझेदार र सरोकारवालाहरूसँग समन्वय, सहकार्य तथा साझेदारीमार्फत कार्यक्रम कार्यान्वयन गर्ने ।

3ZERO CLUB™

## श्री जिरो क्लवको परिचय (About 3Zero Club):

श्री जिरो क्लब नोबेल शान्ति पुरस्कार विजेता प्रोफेसर मुहम्मद युनुसको तीन शून्यको संसार सिर्जना गर्ने दृष्टिकोणलाई प्राप्त गर्ने पहल हो । शून्य शुद्ध कार्बन उत्सर्जन, शुन्य गरिबी र शून्य बेरोजगारी (Zero net carbon emission, zero wealth concentration for ending poverty, and zero unemployment by unleashing entrepreneurship in all) बनाउनु यसको लक्ष्य रहेको छ ।

युवाहरूको रचनात्मक पहलका साथ युवाहरूलाई श्री जीरो विश्वको लक्ष्य हासिल गर्ने तरिकाहरूसँग परिचित गराउनको लागि श्री जिरोको विश्वव्यापी सञ्जाल स्थापना गर्ने पहल गरिएको हो । प्रत्येक श्री जीरो क्लब स्वयं–छनोट गरिएका कार्यहरू सहित पाँच जना सदस्यहरू सँगठित एउटा मिनी–क्लब हो, जसले श्री जिरो संसार सिर्जना गर्न मुख्य भूमिका खेल्दछ । प्रत्येक क्लबले समान विशेषताहरूको ठूलो दायरा भएका अन्य क्लबहरूसँग जोडिएर आफूलाई सशक्त बनाउँछन् । क्लबहरू तीव्र शक्तिशाली हुन्छन् किनभने तिनीहरू एक अर्कासँग जोडिएका हुन्छन् । यो सञ्जालले व्यवस्थित तवरमा क्लबको लक्ष्यमा पुग्ने प्रक्रियालाई सहज बनाउँछ ।

## परिकल्पना (Vission):

श्री जीरो क्लबको परिकल्पना भनेको तीन शून्यको संसार बनाउनु हो । शून्य शुद्ध कार्बन उत्सर्जन, शून्य गरिबी र शून्य बेरोजगारी ।

## ध्येय (Mission):

श्री जिरो क्लबको ध्येय भनेको युवाहरूलाई वर्तमान समयको सबैभन्दा महत्वपूर्ण सामाजिक र वातावरणीय समस्याहरू समाधान गर्न उद्यमशीलताको भावनाले सोच्न, सिर्जना गर्न र नेतृत्व गर्न प्रेरित गर्नु हो ।

## क्लबको गठन (Club Formation):

प्रत्येक श्री जिरो क्लब १२ देखि ३५ वर्ष उमेरका पाँच जना युवाहरूको सहभागितामा गठन गरिन्छ । क्लब भित्रको सबैभन्दा जेठो र कान्छो सदस्यहरू बीचको उमेरको भिन्नता ७ वर्षभन्दा बढी हुनु हुदैन । प्रत्येक क्लबमा १ जना प्रमुख १ जना सहायक प्रमुख र ३ जना सदस्य रहन्छन् । दर्ताको समयमा सदस्यहरूलाई संस्थापक सदस्य, प्रमुख व्यक्तिलाई संस्थापक प्रमुख व्यक्ति, सहायकलाई संस्थापक सहायक प्रमुख व्यक्ति भनेर चिनिन्छ ।

## श्री जिरो क्लब फोकस क्षेत्रहरू (3zero Club Focus Areas):

यहाँ धेरै विषयबस्तुहरू छन् जुन श्री जिरो क्लबले गर्न सक्छ । थ्रि जिरो क्लब धेरै फराकिलो क्षेत्रसँग सुरु हुन सक्छ, जस्तै तीन शून्य को एक संसार प्राप्ति । यसलाई व्यवस्थित बनाउन क्लबले फराकिलो विषयभित्र साँघुरो क्षेत्र खोज्नुपर्छ । यसका लागि क्लबका सदस्यहरूबीच गहन छलफल आवश्यक हुन्छ । विश्वका अन्य श्री जिरो क्लबहरू के गर्दै छन् र तिनीहरूको क्लबका सदस्यहरू बीचको साझा चासो के छ भन्ने बारेमा अध्ययन अनुसन्धान गर्नुपर्ने हुन्छ । उदाहरणका लागि, यदि क्लबले मुख्य मुद्दाको रूपमा “वातावरण” छनोट गर्छ भने, यसलाई “वातावरणका लागि श्री जिरो क्लब” भनेर चिनिन्छ ।

वातावरण, जलवायु परिवर्तन, प्रविधि र नवीनता, शिक्षा, माइक्रोक्रेडिट, स्वास्थ्य र कल्याण, उद्यमशीलता, खेलकुद, इतिहास, रोजगारी, अर्थतन्त्र, फोहोर, कला, संस्कृति र सँगीत, अपाङ्गता भएका व्यक्तिहरू, पर्यटन, कृषि, अर्थशास्त्र, वन, खाना र पोषण, आमा र बच्चा, सामाजिक व्यापार, साहित्य, यातायात, ऊर्जा, सामाजिक कथा, पत्रकारिता जस्ता क्षेत्रहरू यसका फोकस क्षेत्रहरू हुन् ।

फोकसको कुनै पनि क्षेत्र छनोट गर्न क्लब स्वतन्त्र रहेको हुन्छ । क्लबले माथिको सूचीमा नभएका क्षेत्र वा यी मध्ये कुनै एकको शाखा छान्न पनि सक्दछ । कल्वको अनुरोधमा 3Z ग्लोबल सेन्टरले समान रुचि भएका अन्य क्लबहरूसँग श्री जिरो क्लबको सहकार्य गर्ने कार्य पनि गर्न सक्छ ।

## श्री जिरो क्लब गतिविधिहरू (3Zero Club Activities):

श्री जिरो क्लबका गतिविधिहरू सदस्यहरूले कल्व बनाउने जत्तिकै विविध हुन्छन् । प्रत्येक क्लबको ध्येय अनुसारको आफ्नो कामको फ्रेमवर्क बनाउन सक्दछ । यसले ठूला एजेन्डा अर्थात विशिष्ट पक्षमा आफ्नो ध्यान कम गरी सदस्यहरूको योग्यता, विशेष रुचि, अनुभव र अभिमुखीकरणका आधारमा आफ्ना गतिविधिहरू सञ्चालन गर्न सक्नेछ । क्लबले सुरुवातमा आफैबाट आफु र आफु जस्तै विश्वभर रहेका अन्य क्लवहरूबाट सिक्ने, सिकाउने तथा अनुभव आदन–प्रदान गर्ने उदेश्य राख्नुपर्दछ । तर केही समय पश्चात क्लबले एक विशेष विषयमा रहेर कार्यक्रम सुरु गर्नुपर्छ जसमा क्लब केन्द्रित हुनेछ । क्लबले आवश्यकता अनअुसार फोकस क्षेत्र परिवर्तन गर्न चाहेमा कुनै पनि समयमा 3Z ग्लोबल सेन्टरलाई जानकारी गराई परिवर्तन गर्न सक्नेछ । 3Z ग्लोबल सेन्टरले विश्वभरका क्लवहरूको जानकारी राख्ने गर्दछ । श्री जिरो क्लबहरूले एकअर्काबाट सिक्ने, एकअर्कालाई प्रेरणा दिने र एकअर्काबाट शक्ति खोज्ने कार्य निरन्तर गर्नुपर्नेछ ।





3Zero क्लवमा आवद्ध सिगाना मा.वि. तित्याङका विद्यार्थिहरू

“सामाजिक एकता, आजको आवश्यकता”

# चारतारे युवा क्लव, सिवाईसी नेपाल

# CHARTARE YOUVA CLUB, (CYC) NEPAL

**सम्पर्क ठेगाना:**

ठेगाना : बागलुङ नगरपालिका–०२, बागलुङ
सम्पर्क : ९७७–०६८–५२०१४६
ईमेल : cycnpl@gmail.com
वेभ : www.cycnepall.org.np

# चारतारे युवा क्लव, सिवाईसी नेपाल

चारतारे युवा क्लव सिवाईसी नेपाल, सम्पूर्ण राष्ट्रप्रेमी, समाजसेवी, विकासप्रेमी सवै प्रकारको अन्याय अत्याचारको विरुद्ध दृढताका साथ अघि बढ्ने न्यायपूर्ण सु–संस्कृत समानतामा आधारित नयाँ समाजको निर्माण गर्ने चाहना भएका व्यक्तिहरूको साझा संस्था हो।

श्रम र समयको महत्वलाई बुझेर गाउँमा खेर गईरहेको तथा निरुत्साहित रहेको मानवीय स्रोतलाई एकत्रित गरी सामाजिक एवं विकास निर्माणका विविध पक्षहरूमा सकृयरुपमा सहभागी भै सबै पक्षको राय सल्लाह समेत बुझी मिति २०४८/६/२० का दिन वसेको युवाहरूको भेलाबाट यस क्षेत्रको विकासको लागि बालबालिका, युवा, महिला, बृद्ध लगायत सवै जनसमुदायको सकृय सहभागितालाई जोड दिँदै सामाजिक जनशक्तिलाई उचित परिचालन गर्नका लागि एक सामाजिक विकास संस्था स्थापना गर्ने निर्णय भए अनुरुप सर्वसम्मतिले **चारतारे युवा क्लव, सिवाईसी नेपाल**को स्थापना गरिएको हो।

यो संस्थालाई जातजाति, धर्म, संस्कृति र राजनीति आदिका आधारमा कसैलाई भेदभाव नगर्ने, नाफा नकमाउने नाफा रहित संस्थाको रुपमा अगाडि बढाउन प्रतिवद्धता व्यक्त गर्नुका साथै वर्तमान सन्दर्भमा उदार विचार र सामाजिक मान्यताहरूलाई आत्मसाथ गर्दै सु–संस्कृत, सभ्य, सु–सँगठित समाजको निर्माण गर्ने र सबै प्रकारका पछौटेपन, अज्ञानता, अशिक्षा, गरिबी, अन्याय, अत्याचार, सामाजिक कुसंस्कार तथा कुरितीबाट समाजलाई सजग राखी, राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र, लोकतन्त्र, मानव अधिकारको संरक्षण एवं सम्वर्द्धन गर्दै सामाजिक मूल्य र मान्यता प्रति प्रतिवद्ध रही गरीवी मुक्त समृद्व नेपाल निर्माण गर्ने उद्देश्यका साथ साविकको तित्याङ गा.वि.स. वडा नं. ९ अदुवाबारी हालको बा.न.पा.–९ स्थित पण्डित रवि प्रसाद उपाध्यायको ऐतिहाँसीक घरमा २०४८/०६/२० र २०४९/०६/२६ का दिन भएको भेलाबाट यो संस्था स्थापनाको परिकल्पनालाई वर्तमान अध्यक्ष चण्डि प्रसाद शर्मा पौडेलको पहलमा साकार पारिएको हो।

## मुख्य नारा:

"सामाजिक एकता, आजको आवश्यकता"

## दूरदृष्टि (Vision):

मानवीय स्रोतको उच्चतम परिचालन भएको स्वस्थ सामाजिक, आर्थिक शिक्षित, स्वावलम्वी र आत्मनिर्भर समाज।

## ध्येय (Mission):

१. पिछडिएका वर्गहरूको सामाजिक र आर्थिक अवस्थामा सुधार।
२. समुदायमा आधारित संस्थाहरू (CBO), स्थानीय गैर सरकारी संस्थाहरू, समुदायमा आधारीत सहकारी संस्थाहरू र (LNGO) को क्षमता अभिवृद्धि गर्ने।
३. सरकारी गैरसरकारी र सहकारी निकायसँग समन्वय गरी प्राप्त स्रोत साधनको उपयोग एवं सदुपयोग गर्दै स्थानीय स्रोत साधनको अधिकतम् परिचालन तथा व्यवस्थापनबाट दिगो र संस्थागत विकास।
४. संस्थाद्वारा सञ्चालित कार्यक्रमहरूलाई अन्य संघसंस्थाहरूसँग प्रभावकारी समन्वय गरी प्रजनन् स्वास्थ्य तथा सामुदायिक विकासका कार्यक्रमहरू सञ्चालन गरी जनस्वास्थ्यमा सुधार ल्याउने।

## लक्ष्य (Goal):

१. उत्प्रेरणा स्वावलम्बन एवं सशक्तिकरणका लागि प्राप्त हुने वा हुन सक्ने अवसर र वातावरण सृजना गर्ने।
२. विद्यमान ज्ञान, सीप र धारणामा समयानुकुल परिवर्तन ल्याउने।
३. सामाजिक परिचालनबाट सहभागितामा आधारित विकास प्रक्रियालाई अगाडि बढाई दिगो र संस्थागत विकासका लागि सरकारी, गैरसरकारी र सहकारी संघ संस्थाहरूलाई विकासका लागि अभिप्रेरित गर्ने।
४. सामुदायिक परिचालन कार्यक्रम मार्फत उच्च बाल तथा मातृमृत्युदर घटाउने राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याउने।

## मुख्य नारा, मन्त्र, काम, रणनीति, समन्वय, सहजिकरण, कार्यशैली र प्रतिवद्धता

१. मुख्य नारा : सामाजिक एकता, आजको आवश्यकता।
२. मुख्य मन्त्र : सूचना, संगठन, बचत र सीप।
३. मुख्य काम : माटो, बाटो, पानी खाल्टो, "शिक्षा, स्वास्थ्य, लघुउद्यम–बाट उज्यालो भविष्य"
४. रणनीति : राम्रो काम फैलाउने, नराम्रो काम औंल्याउने।
५. समन्वय : १२ महिना १२ भेट विकास सूचना अप टु डेट।
६. सहजीकरण : विकासमा महिला, सहजीकरण, सहभागिता र पारदर्शितामा पहिला।
७. कार्यशैलि : रहरले काम गर्छौं, हाँसेर सेवा गर्छौं।
८. प्रतिवद्धता : काम बाँडौ, आजको काम आजै गरौं, भोलि भन्न छाडौं।

## उद्देश्यहरू (Objectives):

१. शिक्षाको महत्व दर्शाउँदै सामाजिक विकासका लागि जनचेतना अभिवृद्वि गर्ने।
२. महिला सशक्तिकरण सम्बन्धी कार्यहरू गर्ने।
३. आयमूलक, रोजगारमूलक र सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्ने गराउने लगाएतका पछाडि पारे पारिएका बर्गहरूको उत्थानका लागि विविध कार्यहरू गर्ने गराउने।
४. बालबालिका, युवा, महिला जेष्ठ नागरिक र फरक क्षमता भएका व्यक्तिहरूका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने।
५. सरकारी, गैह्र सरकारी, सहकारी संघ–संस्था र सञ्जालहरूको क्षमता अभिवृद्वि गर्ने।
६. वातावरणीय सन्तुलन र सवै प्रकारको उर्जा प्रवर्द्धनमा सकृय भई काम गर्ने, गराउने।
७. विकास निर्माणका कार्यहरू जस्तो – बाटो, घाटो, वनजंगल, देवालय, सार्वजनिक जग्गा, सिंचाई, कुलो, शौचालय, स्वास्थ्य शिक्षा, उर्जा विकास, सामाजिक संस्कृति, खेलकुद, सञ्चार जस्ता विविध सामाजिक कार्यहरूमा सकृय सहभागी भै काम गर्ने, गराउने।
८. विभिन्न सरकारी, गैह्र सरकारी, राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग भाईचाराको सु–सम्बन्ध अभिवृद्धि गर्दै सहयोगको आदान प्रदान गर्ने।
९. समूह, व्यक्ति र सदस्यहरूको क्षमता अभिवृद्विका लागि वित्तिय कारोवार सञ्चालन गर्ने, गराउने।
१०. दिगो भू–व्यवस्थापनका प्रकृयाहरू अवलम्वन गरी आत्मनिर्भर व्यवसायीक कृषि विकासका कार्यक्रमहरू सञ्चालन गर्ने।
११. सामाजिक परिचालनको माध्यमबाट गरिबी न्यूनिकरण, सामाजिक सुरक्षा र प्रजनन् स्वास्थ्य लगाएतका कार्यहरू गर्ने गराउने।
१२. जलवायु परिवर्तनबाट हुने असरहरू न्यूनिकरण सम्वन्धी कार्यहरू गर्ने।
१३. समुदाय तथा संस्थाका सदस्यहरूलाई उपभोग्य सामग्री उपलब्धताका लागि आवश्यक कार्यहरू गर्ने।
१४. भविष्यका कर्णधार र वर्तमानका साझेदार युवाहरूको विकाससँग सम्वन्धित कार्यहरू सञ्चालन गरी सामाजिक पूँजीको अभिवृद्धि गर्ने, गराउने।
१५. सूचना सञ्चार, प्रकाशन र प्रसारणको माध्यमवाट समुदायको सशक्तिकरण गर्ने।

## मुल्य मान्यताहरू (Core Values):

१. सहभागितात्मक योजना तर्जुमा।
२. दिगोपना तथा संस्थागत विकास
३. समूह कार्य (Team Work)।
४. पारदर्शिता तथा उत्तरदायित्व।
५. लैङ्गिक समानता तथा न्यायोचितता।
६. सहकार्य एवं साझेदारीता।
७. आन्तरिक स्रोत र साधनको अधिकतम परिचालन र व्यवस्थापन।
८. सामाजिक परिचालन (Social Mobilization)।
९. संस्था नीतिद्वारा निर्देशित हुनु पर्छ।
१०. गरिबी एउटा कारण हो, न्यूनिकरण गर्न सकिन्छ।
११. हरेक समुदाय तथा व्यक्तिहरूबाट सिक्न सकिन्छ।
१२. हरेक नयाँ चुनौतीमा सिकाई हुन्छ ।
१३. हरेक मानिसमा बाँच्ने सीप हुन्छ तर अवसर चाहिन्छ।
१४. गरीबहरू इमान्दार हुन्छन् उनीहरूसँग काम गर्ने प्रतिवद्धता हुनु पर्दछ।

## काम गर्दै जाँदा संस्थामा आएका परिवर्तन र सिकाईहरू:

१. संस्थाद्वारा सञ्चालित कार्यक्रम सहयोगी निकायले सहयोग गर्ने बेलासम्म मात्र चल्ने होईन त्यस पछाडि पनि चल्ने गरी योजना तथा कार्यान्वयन गर्नुपर्दछ।
२. परनिर्भर मुखी नबनी आत्मनिर्भरताका उपायहरू सञ्चालनमा ल्याउनु पर्दछ।
३. स्थानीय स्रोत र साधानमा आधारित कार्यक्रमहरू चीरस्थायी दीर्घजीवी हुने रहेछन्।
४. नेपालको विकासमा पैसाको खाँचो होईन बिचारको खाँचो रहेछ।
५. संस्थाको निरन्तर सञ्चालनका लागि Social Security मा काम गर्नु पर्दो रहेछ।
६. स्थानीय स्तरमा उठाएका सवालहरू राष्ट्रिय मुद्दा बन्न सक्ने रहेछन्।
७. युवाहरूको विदेश पलायन रोक्न कृषि क्षेत्रको समग्र विकास गर्नुपर्दछ।
८. युवा बेच्ने होईन उत्पादन बेच्नु पर्दछ।
९. पुरुष कर्मचारीहरूलाई सुत्केरी स्याहार बिदा।
१०. जनशक्ति शव्दको सट्टामा मानवीय स्रोत शव्दको प्रयोग।
११. सानो बच्चालाई दूध खुवाउने महिला कर्मचारीका लागि १२.१५ देखी १२.४५ वजेसम्म स्तनपान समय तोकी विशेष सहुलियत प्रदान।
१२. सानो वच्चा भएको तथा घरमा कामको बोझ भएका महिला कर्मचारीहरूलाई सामान्यतया कार्यालय समय भन्दा १५ मिनेट ढिलो भएपनि गयल नगर्ने गरिएको।
१३. महिला कर्मचारीहरूलाई सुत्केरी अगाडि र पछाडि गरी २ महिना तलवी विदा।
१४. गर्भवती कर्मचारीलाई महिनामा १ दिन गर्भ परीक्षण विदा।
१५. सुश्री, श्रीमती, श्रीमानको सट्टा श्री मात्र लेख्ने प्रचलन।
१६. सभा सम्मेलन तथा अन्य कार्यक्रमहरूमा सम्वोधन गर्दा वा वोल्दा सभापति शव्दको सट्टा अध्यक्ष र सभाध्यक्ष जस्ता शब्दको प्रयोग।
१७. सिवाईसीका समिति उपसमितिहरूमा समावेशिकरण।
१८. व्याच वितरण गर्दा महिला र पुरुष दुवैलाई सहभागि गराउने गरिएको।
१९. आईमाई शव्दको सट्टामा महिला शव्दको प्रयोग।
२०. सभा सम्मेलन आदिमा सम्वोधन गर्दा महिला तथा सज्जनवृन्द शव्दको सट्टामा दाजुभाई दिदीवहिनी भनेर सम्वोधन।

## संस्थाको कार्यसमितिको विवरण (वि.सं. २०८०-२०८५):

| क्र.सं. | कार्यसमितिको नाम | ठेगाना | पद | सम्पर्क फोन |
|---|---|---|---|---|
| १. | पद्मनाथ शर्मा | वा.न.पा.-२, वागलुङ | संरक्षक | ९८५७६००६९ |
| २. | चण्डिप्रसाद शर्मा पौडेल | वा.न.पा.-९, वागलुङ | अध्यक्ष | ९८५७६२०१४६ |
| ३. | लक्ष्मण खड्का | वा.न.पा.-९, वागलुङ | उपाध्यक्ष | ९८४७६६७७२२ |
| ४. | वीर बहादुर किसान | वा.न.पा.-२, माझकोट | सचिव | ९८४७६२००१२ |
| ५. | गण्डकी थापा अधिकारी | वडिगाड गा.पा.-७ | सह-सचिव | ९८५७६२९१२६ |
| ६. | विमला गुरुङ | वा.न.पा.-८, वागलुङ | कोषाध्यक्ष | ९८४७६२२२०५ |
| ७. | गोपाल कुमार शर्मा | वा.न.पा.-८, वागलुङ | सदस्य | ९८५७६२०७१८ |
| ८. | सीता शर्मा | वा.न.पा.-९, वागलुङ | सदस्य | ९८५७६२०७१८ |
| ९. | किरण थापा | वा.न.पा.-९, वागलुङ | सदस्य | ९८५७६२५५५८ |
| १०. | नविनराज दहाल | मन्थली-१, रामेछाप | सदस्य | ९८५१२२३५४९ |
| ११. | देव बहादुर श्रेष्ठ | वा.न.पा.-२, वागलुङ | सल्लाहकार | ०६८-५२०१९२ |
| १२. | जगन्नाथ आचार्य | बा.न.पा.-४, वागलुङ | सल्लाहकार | ९८५७६२०७९४ |
| १३. | ईन्द्रराज पौडेल | जैमिनी-८, वागलुङ | सल्लाहकार | ९८४७७२९५३६ |

## संस्थाले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरू:

| क्र.सं. | पुरस्कृत गर्ने निकाय | पुरस्कृत विवरण | अवसर |
|---|---|---|---|
| १. | नेपाल सरकार राष्ट्रिय सरसफाई कार्य संचालन समिति, राष्ट्रिय सरसफाई सप्ताह २०५७ | खुल्ला दिसामुक्त गा.वि.स. घोषणा तथा सरसफाईमा उल्लेख योगदान | २०५७ चैत्र ९ देखि १५ सम्म संचालित सरसफाई सप्ताहमा वागलुङ जिल्लामा उल्लेख्य कार्य गरेवापत |
| २. | दिगो भू-व्यवस्थापन कार्यक्रम/हेल्भेटास नेपाल | कृषि क्षेत्रमा उल्लेख कार्य सम्पादन | २४ पौष २०६६ |
| ३. | यूएसआईडि/एनडिआई लोकतन्त्र र निर्वाचन पर्यवेक्षण (ड्यू-नेपाल) | संविधान सभा निर्वाचन २०७० मा स्वयंसेवक परिचालन गरी निर्वाचन पर्यवेक्षणमा उत्कृष्ठ कार्य सम्पादन | संविधान सभा निर्वाचन २०७० |
| ४. | गैर सरकारी संस्था वागलुङ | असल संस्थागत सुशासन र व्यवस्थापन | ५ अक्टोवर २०१५ |
| ५. | जिल्ला शिक्षा कार्यालय वागलुङ | नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चितता एवं साक्षर वागलुङ जिल्ला घोषणामा योगदान | साक्षर जिल्ला घोषणा कार्यक्रम ३ आषाढ २०७३ |

## संस्थागत आवद्धता:

| क्र.सं. | आवद्ध संघ संस्थाको नाम | दर्ता मिति |
|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय वागलुङ | २०४९/०६/२६ |
| २. | समाज कल्याण परिषद् | २०५०/०२/२४ |
| ३. | गैर सरकारी संस्था महासंघ नेपाल | २०५० |
| ४. | नेपाल राष्ट्र बैंक (लघुवित्त कार्यक्रम) | २०५७ |
| ५. | लघुवित्त संघ नेपाल | २०५७ |
| ६. | लैङ्गिक सञ्जाल नेपाल | २०५७ |
| ७. | जिल्ला सरसफाई कोष वागलुङ | २०५८ |
| ८. | सुरक्षित मातृत्व नेटवर्क महासंघ नेपाल | २०६० |
| ९. | शान्तिका लागि साझा अभियान काठमाडौं नेपाल | २०६२/०३/०४ |